10 June, 2025

National News

मुख्य समाचार:

- रक्षा उत्पादनमा आधुनिकरण र आत्मनिर्भरता प्राप्त गर्ने दिशामा सरकारले ध्यान केन्द्रित गरेको प्रधानमन्त्रीको भनाइ
- भारतको संघर्ष आतंकवाद विरुद्ध हो, कुनै पनि देश विरुद्ध होइन भनी विदेश मन्त्रीले बताउनुभयो
- जनमन सर्वेक्षणमा, पहिलो दिनमै पाँच लाखभन्दा बढी मानिसहरूले दिए प्रतिक्रिया
- राजस्थानमा नदीमा नुहाउँदै गरेका आठजना युवकको पानीमा डुबेर मृत्यु
- उत्तरपश्चिम भारत भीषण गर्मीको चपेटमा ,
- भारतलाई खेल महाशक्ति बनाउने सरकारको प्रयास रहेको प्रधानमन्त्रीको भनाई, अनि
- एएफसी एशिया कप क्वालीफायर फुटबल प्रतियोगितामा अहिले भारत र हङ्कङमाझ खेल हुँदै

प्रधानमन्त्री -रक्षा

प्रधानमन्त्री नरेन्द्र मोदीले बितेको एघार वर्षमा भारतको रक्षा क्षेत्रमा भएका उल्लेखनीय परिवर्तनहरूको उल्लेख गर्नुभएको छ। सामाजिक सञ्जाल पोस्टमा प्रधानमन्त्रीले आधुनिकीकरण र रक्षा उत्पादनमा आत्मनिर्भरता हासिल गर्ने कुरामा ध्यान केन्द्रित गरिएको बताउनु भएको छ। उहाँले भन्नुभएको छ, भारतका जनता राष्ट्रलाई बलियो बनाउन साझा संकल्पका साथ कसरी एकजुट भएका छन् भन्ने कुरा उत्साहजनक बन्न पुगेको छ।
यसरी नै रक्षामन्त्री राजनाथ सिंहले प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा भारतको रक्षा क्षेत्रमा बितेको एघार वर्षमा ऐतिहासिक परिवर्तन आएको बताउनु भएको छ। सामाजिक सञ्जाल पोस्टमा श्री सिंहले प्रधानमन्त्रीको नेतृत्वमा यो क्षेत्र सशक्त सीमा, आधुनिक सशस्त्र बल, स्वदेशी हतियार, रेकर्ड रक्षा निर्यात र वैश्विक विश्वासका साथ आत्मनिर्भरतातर्फ अघि बढेको बताउनु भएको छ।

विशेष फिचर - सरकारको ११ वर्ष

सेवा, सुशासन र गरिब कल्याणका सिद्धान्तहरूद्वारा भारतले बितेको एक दशकमा उल्लेखनीय परिवर्तन तय गरेको छ । आकाशवाणी समाचारले विगत ११ वर्षमा प्रमुख क्षेत्रहरूमा सरकारका प्रयासहरूको बारेमा विशेष फिचर प्रस्तुत गर्दै आएको छ। आजको विशेष शृङ्खलामा हामी रक्षा क्षेत्रमा आत्मनिर्भरतामा केन्द्रित भई भारतलाई वैश्विक शक्ति बनाउने दिशामा अग्रसर रहेको विषय प्रस्तुत गर्दैछौं। एक रिपोर्ट-

जयशंकर - ले फिगारो अन्तर्वार्ता

विदेशमन्त्री डा. एस जयशंकरले पाकिस्तानसँगको मित्रता कायम राख्न चीनले आतंकवाद विरुद्ध दोहोरो मापदण्ड अपनाउन नसक्ने बताउनु भएको छ। उहाँले भन्नुभएको छ, आतंकवाद सबैलाई सताउने समस्या हो। फ्रान्स भ्रमणको क्रममा एक फ्रान्सेली पत्रिकासँगको अन्तर्वार्तामा डा. जयशंकरले भन्नुभयो, भारत र चीनले आफ्नो सम्बन्ध सुधार गर्ने प्रयास जारी राख्न सक्छन् र कोभिड महामारीदेखि निलम्बित प्रत्यक्ष उडानहरू पुनः सुरु गर्ने विचार विमर्श गर्न सक्छन्।

डा. जयशंकरले भन्नुभयो, भारतको संघर्ष आतंकवाद विरुद्ध हो, कुनै पनि देश विरुद्ध होइन। उहाँले भन्नुभयो, भारतले आतंकवादप्रति शून्य सहनशीलताको नीति कायम राख्छ भने पाकिस्तानले आतंकवादीहरूलाई समर्थन जारी राखेको छ। उहाँले भन्नुभयो, यदि आतंकवादीहरूले भारतमा फेरि आक्रमण गरे भने पाकिस्तानमा जहाँ पनि उनीहरूलाई सुरक्षा दिइन्छ त्यहाँ उचित जवाफ दिइनेछ।

## जनमन सर्वेक्षण

नरेन्द्र मोदी सरकारको ११ वर्ष पूरा भएको अवसरमा नरेन्द्र मोदी एप वा नमो एपमा सुरु गरिएको जनमन सर्वेक्षणमा पहिलो दिनमै देशभरिका पाँच लाखभन्दा बढी मानिसहरूबाट प्रतिक्रिया प्राप्त भएको छ। प्रधानमन्त्री नरेन्द्र मोदीले हिजो देशवासीहरूलाई विगत ११ वर्षको भारतको विकास यात्राको सर्वेक्षणमा भाग लिन आग्रह गर्नुभएको थियो।

यो सर्वेक्षणले मानिसहरूलाई आफ्नो प्रतिक्रिया र विचारहरू सरकारससमक्ष प्रत्यक्ष रूपमा साझा गर्न प्लेटफर्म प्रदान गर्दछ। यो सर्वेक्षणले भविष्यका नीतिहरू बनाउँदा जनताको आवाज सुनिएको र विचार गरिएको सुनिश्चित गर्दछ। पहिलो दिनमै पाँच लाखभन्दा बढी प्रतिक्रियाहरू सहित, यो सर्वेक्षण जनतासँग प्रत्यक्ष र अर्थपूर्ण तरिकाले जोडिनका लागि एउटा महत्त्वपूर्ण प्लेटफर्म बनेको छ। जसले देशको विकासमा जनताको आवाजले योगदान पुऱ्याउँछ भन्ने कुरा सुनिश्चित गर्दछ।

## राजस्थान टोङ्क - दुर्घटना

राजस्थानको टोङ्कमा बनास नदीमा आज नुहाउँदै गर्दा आठजना युवक डूबेका छन्। सबै मृतक जयपुरको हसनपुराका निवासी थिए। अन्य तीनजनालाई भने बचाइएको छ। पुलिस अनुसार यो घटना आज दिउँसो एउटा पुरानो पुल नजिकै भएको थियो। यसैबीच, राजस्थानका मुख्यमन्त्री भजन लाल शर्माले घटनाप्रति दुख व्यक्त गर्नुभएको छ।

## वार्तालाभ- सिक्किम

मोदी सरकारको एघार वर्ष पुगेको अवसरमा आज सिक्किमको पाकिममा वार्तालाभ कार्यक्रम आयोजना गरी केन्द्र सरकारका कार्यक्रमहरू जनजनमा पुऱ्याउने विषयमा छलफल भयो। पत्र सूचना कार्यालय गान्तोकद्वारा आयोजित कार्यक्रममा जिल्ला पञ्चायत, पञ्चायत तथा राज्य सरकारका कर्मचारीहरूको सहभागिता रहेको थियो।

## मौसम

उत्तरपश्चिम भारतको अधिकतम तापक्रम ४४ डिग्री सेल्सियस नाघेको छ। मौसम विज्ञान विभागले भोलिसम्म यी क्षेत्रहरूमा गर्मीको लहर चल्ने बताउँदै ओरेञ्ज अलर्ट जारी गरेको छ। विभागले आगामी दुई दिनसम्म जम्मू कश्मीर, पञ्जाब, हरियाणा, दिल्ली, उत्तर प्रदेश, पूर्वी राजस्थान र उत्तरी मध्य प्रदेशमा गर्मीको लहर रहने सम्भावना रहेको बताएको छ। मौसम विभागका अनुसार जम्मू कश्मीर, हिमाचल प्रदेश, उत्तराखण्ड, राजस्थान, पञ्जाब, हरियाणा, चण्डीगढ र उत्तर प्रदेशका धेरै भागहरूमा अधिकतम तापक्रम दुई देखि तीन डिग्री सेल्सियसले बढेको छ।

यसैबीच, मौसम विभागले दिल्लीको अधिकतम तापक्रम ४३ देखि ४५ डिग्री सेल्सियसको बीचमा रहने सम्भावना रहेको बताएको छ।

**प्रधानमन्त्री-खेल**

भारतमा खेलकुद पूर्वाधारको विस्तारले देशलाई वैश्विक खेल महाशक्ति बन्ने दिशामा अग्रसर गराइरहेको प्रधानमन्त्री नरेन्द्र मोदीले बताउनु भएको छ। केन्द्रीय युवा मामिला तथा खेलकुद मन्त्री डा. मनसुख मण्डावियाको लेख साझा गर्दै प्रधानमन्त्रीले देशमा खेलकुद पूर्वाधारको विकास भइरहेको बताउनु भएको छ।
लेखमा डा मण्डावियाले विगत ११ वर्षमा भारतको खेलकुद पूर्वाधारमा उल्लेखनीय परिवर्तन भएको बताउनु भएको छ। उहाँले भन्नुभएको छ, युवा मामिला तथा खेलकुद मन्त्रालयको बजेट बढेर विगत एक दशकमा तीन गुणाभन्दा बढी भएको छ।
डा माण्डवीयले भन्नुभएको छ, प्रधानमन्त्री श्री मोदीको के सपना छ भने जब भारतले २०३६ मा ओलम्पिक खेलको आयोजना गर्नेछ, त्यस समय यो शीर्ष १० देशहरूमा हुनेछ र २०४७ मा स्वतन्त्रताको १०० वर्ष पूरा हुँदासम्म भारत शीर्ष पाँचमा हुनेछ।

**फुटबल**

हङकङमा भइरहेको एएफसी एशिया कप क्वालीफायर फुटबल प्रतियोगितामा अहिले ग्रुप सी अन्तर्गत भारत र हङकङको खेल अन्तिम चरणमा पुगेको छ। पहिलो हाफसम्ममा दुवै टीम गोलरहित बराबरीमा थिए।
यस प्रतियोगिताका प्रत्येक ग्रुपको शीर्ष टीमले 2027 मा सऊदी अरबमा हुने प्रतिष्ठित एएफसी एशिया कपका लागि क्वालीफाई गर्नेछन्।
प्रतियोगितामा आज नै भएका खेलमा श्रीलंकाले चाइनिस ताइपेलाई अनि म्यानमारले पाकिस्तानलाई पराजित गरे। ताजकिस्तान र फिलिपिन्सको खेल बराबरीमा टुङ्गियो ।
प्रतियोगितामा अहिले नेपाल र लाओस अनि भोटान र ब्रुनाईको खेल पनि अन्तिम चरणमा पुगेका छन्।